भिमाद नगरपालिका
BHIMAD MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
भिमाद,तनहुँ
Bhimad, Tanahun
२०७३/2073

गण्डकी प्रदेश,नेपाल
Gandaki Province,Nepal

प.सं./Ref No.: २०७९
च.नं Des No. :

मितिः २०७९/०८/२३

<u>प्रथम पटक सूचना प्रकाशन मितिः२०७९/०८/२३ गते</u>

विषयः अनुदानमा आधारित कृषि कार्यक्रममा सहभागिता सम्बन्धमा।

प्रस्तुत विषयमा भिमाद नगरपालिकाको आ.व.०७९/८० मा स्वीकृत कार्यक्रम अन्तर्गत “बाँझो जमिनमा कृषि उत्पादन प्रोत्साहन कार्यक्रम” संचालन गर्नु पर्ने भएकाले उक्त कार्यक्रममा सहभागी हुन यस नगरपालिका भित्रका ईच्छुक व्यक्ति/फर्म/समूह वा कृषि सहकारीले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र भिमाद नगरपालिकाको कृषि विकास शाखामा तपशिल बमोजिमका कागजातहरु सहित आवेदन पेश गर्न हुन ‘बाँझो जग्गा उपयोग अनुदान कार्यविधि,२०७९’ बमोजिम यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

क्र.सं.	कार्यक्रमको नाम	बालीको नाम	इकाई	अनुदान रकम रु.			मापदण्ड
				पहिलो वर्ष	दोस्रो वर्ष	तेस्रो वर्ष	
१.	बाँझो जमिनमा कृषि उत्पादन प्रोत्साहन कार्यक्रम	खाद्यान्न बाली	प्रति रोपनी	३,०००	२,०००	१,०००	विगत तीन वर्ष खेती नगरी खाली भएको खेतीयोग्य जमिनलाई मात्र अनुदान उपलब्ध गराईने छ । तरकारी र खाद्यान्न बालीको हकमा एक वर्षमा कम्तिमा दुई बाली उत्पादन गरेको हुनुपर्नेछ। तर कुनै पनि कृषकले तरकारी र खाद्यान्न, खाद्यान्न र तेलहन बालीहरु मध्ये कुनै दुई किसिमको बाली उत्पादन गर्न सक्नेछन्। उत्पादनको लागि ८ महिना भन्दा वढी समय लाग्ने बालीहरु (अदुवा ,वेसार , सखखरखण्ड ,तरुल आदि) को हकमा वर्षमा एउटा बाली मात्र उत्पादन गरे
		तरकारी बाली	प्रति रोपनी	३,०००	२,०००	१,०००	
		जडिबुटी खेती	प्रति रोपनी	२,०००	१,०००	५००	
		मसला बाली	प्रति रोपनी	२,०००	१,०००	५००	
		तेलहन बाली	प्रति रोपनी	३,०००	२,०००	१,०००	

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत

भिमाद नगरपालिका
BHIMAD MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
भिमाद,तनहुँ
Bhimad, Tanahun
२०७३/2073
गण्डकी प्रदेश,नेपाल
Gandaki Province,Nepal

प.सं./Ref No.: २०७९
च.नं Des No. :

		फलफूल बाली	प्रति बिरुवा	१००	७५	५०	हुनेछ।

<u>निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु:</u>

- सर्वेक्षण फाराम (शाखाबाट उपलब्ध हुने)
- वडा कार्यालयको सिफारिस, जग्गा धनी पूर्जाको प्रतिलिपि, तिरो तिरेको निस्सा, नागरिकताको प्रतिलिपि,
- जग्गाधनीसँग जग्गा भाडामा लिएको भए सोको सम्झौताको कागजात,
- विगत तीन वर्ष देखि खेती नगरी जग्गा बाँझो रहेको खुल्ने स्थलगत सर्जमिन मुचुल्का,
- बाझो जग्गा उपयोग गर्न चाहने व्यक्ति वा संस्थाले उत्पादन गर्न चाहेको बालीको किसिम,
- संस्थाको हकमा संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि र निर्णय, पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र र व्यवसाय इजाजत पत्रको प्रतिलिपि ।

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत